का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ फागुन २०८०,
शनिबार
24 February 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संवादमा प्रचण्ड–ओली

**सत्तारुढ गठबन्धनमा रहेका दलहरुबीच विश्वासको कमी आएको राजनीतिक वृत्तको चर्चालाई बल पुग्नेगरी प्रधानमन्त्री प्रचण्ड र प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच निरन्तर संवाद चलिरहेको छ ।**



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई जन्मदिनको शुभकामना दिए । प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्लका अनुसार प्रधानमन्त्री प्रचण्डले ओलीलाई फोन गरेर जन्मदिनको शुभकामना दिएका हुन् ।

यो साता प्रचण्ड र ओलीको सार्वजनिक भएको दोस्रो संवाद हो । यसअघि यही फागुन ८ गते प्रचण्ड भेट्न ओली प्रधानमन्त्रीनिवास वालुवाटार पुगेका थिए । अघिल्लो दिन गठबन्धनको विषयमा पार्टीका उठेको विषयले असर नपर्ने भन्दै शेरबहादुर देउवाले प्रधानमन्त्री प्रचण्डलाई भेटेका थिए । महामन्त्री गगन थापा सहितका नेताहरु चुनावी गठबन्धनको विपक्षमा उभिएपछि सभापति देउवा सहितका नेताहरुले त्यसको असर तत्काल नपर्ने र चुनावी गठबन्धनको विषय त्यति नै बेला निर्णय हुने भनी प्रचण्डलाई कन्भिन्स गरेको बताइन्छ ।

शेबहादुर देउवाले गठबन्धनमा समस्या नहुने बताए पनि प्रधानमन्त्री प्रचण्डले केही गरी कांग्रेसले फरक निर्णय लिए वा असहयोग गरे एमालेसँगको सहकार्यका लागि ढोका खुलै राख्नुपर्छ भन्ने ध्येयका साथ राजनीतिक संवाद निरन्तर कायम राखेको नेताहरु बताउँछन् । संसदीय समितिको सभापतिमा भागवण्डा लगायतका निर्णय यसको प्रमाण भएको बताइन्छ । राष्ट्रिय सभाको चुनावमा एमाले समेतको महागठबन्धनको प्रस्ताव समेत अगाडि बढेको थियो । तर अन्तिममा मिलेको थिएन ।

नेताहरुका अनुसार फेरि पनि कुनै पनि क्षण गठबन्धनका दलहरु मध्ये कांग्रेसबाट धोका हुन सक्छ भन्ने पूर्वसंकेतकै कारण प्रचण्डले निरन्तर संवादमा रहेर ओलीसँगको दुरी घटाउँदै छन् । केही गरी कांग्रेसले साथ छोडे एमालेको सहयोगमा सरकारलाई निरन्तरता दिने प्रचण्डको चाहना रहेको बताइन्छ ।

माओवादी, जनता समाजवादी पार्टी (जसपा), एकीकृत समाजवादी, नेकपा लगायत चार दलको समाजवादी मोर्चाको संयोजक नेत्रविक्रम चन्द विप्लवले केही दिनअघि एमालेसँग सहकार्य हुन सक्ने बताएका थिए । उनले वाम दलहरुबीच एकता हुन सक्ने इशारा गरेका थिए । यस किसिमको राजनीतिक परिस्थिति र सत्तारुढ गठबन्धनमा रहेका दलहरुका बीचमा विश्वासका कमी आएको राजनीतिक वृत्तको चर्चालाई बल पुग्नेगरी प्रधानमन्त्री प्रचण्ड र प्रमुख विपक्षी दलका नेता ओलीबीच निरन्तर संवाद चलिरहेको हो ।

**सवारी साधन व्यवस्थापनका लागि अनुरोध**

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्ण रुपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## टीआरसीमा समयसीमाको प्रस्ताव

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

नेपाली कांग्रेसले संक्रमणकालिन न्याय सम्बन्धी विधेयक एक हप्ता भित्र टुंगोमा पुऱ्याउने गरी अगाडि बढ्ने प्रस्ताव राखेको छ । शुक्रबार बसेको प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिको बैठकमा पार्टीको तर्फबाट कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले टीआरसीमा समयसीमाको प्रस्ताव राखेका हुन् । 'एउटा मिति तोकौं । त्यो मिति आज ११ गते हो । त्यो मिति १५ गते पनि हुन सक्छ । अलि बढि चाहियो भने पनि १८, १९ गते भन्दा उता नजाने गरी मिति तोकौं । यो एक हप्ता, ४ दिन, छ दिन जति हुन्छ । फेरि सहमतिको बल गरौं र टुंगो लगाऔं' कांग्रेसका प्रमुख सचेतक लेखकले भनेका छन् । केही विषयमा कसैगरी सहमति नजुटे संसदीय प्रक्रियामा लगेर संक्रमणकालिन न्याय टुंगो लगाउने कुरामा अव ढिलाइ गर्न नहुने उनको भनाइ छ ।

'पीडितहरुको पनि पीडाको विषय छ । त्यसकारण यो संक्रपमणकालिन न्यायका बारेमा एउटा तिथिमिति तोकिदिउँ । कति हुन्छ, कहिले हुन्छ ? एउटा तिथि तोकौं' प्रमुख सचेतक लेखकले दोहोऱ्याएका छन् ।

सञ्चार माध्यमले पनि यसलाई ढिलो गर्ने कुरालाई राम्रो रुपमा नलिएको, आम नागरिक समाज, आम नागरिकहरुको बीचमा आयोचनाको विषय हुन थालेको उल्लेख गर्दै उनले समय नै तोकेर अगाडि पृष्ठ २ मा



> एउटा मिति तोकौं । त्यो मिति आज ११ गते हो । त्यो मिति १५ गते पनि हुन सक्छ । अलि बढी चाहियो भने पनि १८, १९ गते भन्दा उता नजानेगरी मिति तोकौं । यो एक हप्ता, ४ दिन, छ दिन जति हुन्छ । फेरि सहमतिको बल गरौं र टुंगो लगाऔं ।
>
> **रमेश लेखक**
> प्रमुख सचेतक, नेपाली कांग्रेस

**वैदेशिक रोजगार विशेष**

## रेमिट्यान्ससम्बन्धी सूचनाका लागि दूतावासमा डिजिटल डिस्प्ले बोर्ड

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ११ फागुन

नेपाली दूतावाससँगको सहकार्यमा कतारस्थित नेपालका बैंक तथा रेमिट्यान्स कम्पनीहरूले रेमिट्यान्ससम्बन्धी सूचना तथा जानकारी दिने उद्देश्यले दूतावासमा 'डिजिटल डिस्प्ले बोर्ड' राखेका छन् । कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालले बिहीबार उद्घाटन गरेको बोर्डमा सेवाग्राहीहरूले आफूले कमाएको रकम भरपर्दो मध्यमबाट परिवारसम्म पुऱ्याउने रेमिट्यान्सको विषयमा सम्पूर्ण जानकारी दिइएको छ ।



रिया मनि ट्रान्सफर, आइएमई रेमिट तथा पे, प्रभु मनि ट्रान्सफर, सिटी एक्सप्रेस मनि ट्रान्सफर, जिएमई रेमिट्यान्स, ईसेवा मनि ट्रान्सफर, नबिल बैंक, सिद्धार्थ बैंक, ग्लोबल आइएमई बैंक, हिमाल रेमिट, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्रभु बैंक र एमरेष्ट बैंकले गरेको डिस्प्लेमा रेमिट्यान्स भनेको के हो ? औपचारिक माध्यम भनेका के-के हुन् ? कतारमा औपचारिक माध्यमबाट रेमिट्यान्स गर्ने माध्यमहरू के-के हुन् ? औपचारिक माध्यमबाट पैसा पठाउँदा के-के फाइदाहरू हुन्छन् ? जस्ता विषय र यसका लाभहरू तथा दूतावासका केही सूचनालाई समेत प्रस्टाइएको छ।

उद्घाटन पश्चात बैंक तथा रेमिट्यान्स कम्पनीका प्रतिनिधिहरूसँगको अन्तरक्रियामा राजदूत ढकालले नेपालको अर्थतन्त्र धानेको रेमिट्यान्सलाई अझै सरल र व्यवस्थित कसरी गर्न सकिन्छ भन्ने विषयमा सुझाव संकलन गरेका थिए । रोजगारीको सिलसिलामा कतारमा रहेर पनि वैधानिक तरिकाबाट नेपालमा पैसा कसरी पठाउने जानकार नभएका सेवाग्राहीहरूका लागि रेमिट्यान्स कम्पनीहरूले गर्ने चेतनामूलक कार्यक्रममा दूतावासको सहयोग रहने ढकालले प्रतिबद्धता व्यक्त गरे । उनले रेमिट्यान्स कम्पनीका प्रतिनिधिहरूलाई आवश्यक परेको अवस्थामा सुझाव सल्लाह र छलफलका लागि दूतावास सदैव साथ रहने बताए । अवैधानिक तरिकाबाट नेपाल भित्रिने पृष्ठ २ मा

### अमेरिका पुगेका आठ नेपालीलाई स्वदेश फिर्ता पठाइयो

**काठमाडौं/रासस-** अवैध बाटो प्रयोग गर्दै अमेरिका पुगेका आठ जना नेपालीलाई अमेरिकाले नेपाल फिर्ता पठाएको छ । अमेरिकाले उनीहरुलाई चार्टर उडानबाट काठमाडौं फिर्ता पठाएको नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुयाँलले जानकारी दिए ।

'अवैध बाटो प्रयोग गर्दै अमेरिका पुगेका आठ नेपालीलाई अमेरिकाले डिपोर्ट गरी बिहीबार काठमाडौं फिर्ता पठाएको छ,' उनले भने, 'बिहीबार उनीहरु आफन्त कहाँ गएर बसेका थिए। उनीहरुलाई हामीले सम्पर्कमा बोलाएका छौं । उनीहरु के कसरी त्यहाँ गएका हुन् भन्ने विषयमा बुझ्नेछौं ।'

**रेशम चौधरीलाई आयोगको प्रश्न**

## 'कसरी दलको सदस्य हुन पाउनुहुन्छ ?'

**शिव विक/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

निर्वाचन आयोगले रेशम चौधरी नागरिक उन्मुक्ति पार्टी र रेशम चौधरीलाई नाउपाको महाधिवेशनको विषयमा जवाफ माग गरेको छ । गत माघ २९ गते नागरिक उन्मुक्ति पार्टीले रेशम चौधरी पार्टी अध्यक्ष भएकोसहितको दलको विवरण अद्यावधिकका लागि निर्वाचन आयोगका निवेदन दिएको थियो ।

दलको अभिलेख अद्यावधिक गर्नु अगाडि आयोगले थप स्पष्टताका लागि जवाफ मागेको हो । पत्रमा निर्वाचन आयोगले नाउपाको नयाँ कमिटीको वैधानिकताबारे पुष्टि गर्ने आधारसहितको जवाफ माग गरेको छ । नाउपाको पुस २८ गते सम्पन्न महाधिवेशनले सो पार्टीको अध्यक्षमा रेशम लाल चौधरीलाई चयन गरेको थियो । त्यसअघि २०८० साल असोज १३ गतेको पार्टीको केन्द्रीय समिति बैठकले चौधरीलाई महाधिवेशन आयोजक समितिको संयोजक तोकेको थियो । यी दुवै निर्णयको वैधानिकताबारे आयोगले नागरिक उन्मुक्ति पाटीलाई प्रश्न गरेको हो ।

कैलालीको टीकापुर घटनामा जन्मकैद सजाय तोकिएर राष्ट्रपतिबाट आममाफी पाएका चौधरीले केन्द्रीय कमिटी अद्यावधिकका लागि माघ २९ गते आयोगमा निवेदन दिएका थिए । तर चौधरीबारे आयोगमा दुई वटा उजुरी परेका थिए । त्यसपछि आयोगले राष्ट्रपतिबाट आममाफी पाएका चौधरी पार्टीको सदस्य बन्न पाउने कि नपाउने ? भन्दै नाउपासँग जवाफ माग गरेको हो ।

'तपाईं रेशमलाल चौधरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफाको खण्ड (ख) बमोजिम राजनीतिक दलको सदस्य बन्न योग्य व्यक्ति हो वा होइन आधार र कारण के हुन ?' आयोगले सोधेको प्रश्नमा भनिएको छ ।

आयोगले नागरिक उन्मुक्ति पार्टीको अन्तरिम विधान, २०७८ को धारा १५ मा पदाधिकारी हुन कम्तिमा एक कार्यकाल केन्द्रीय कमिटीको सदस्य भएको हुनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा रेशमलाल चौधरीलाई पदाधिकारी बनाएको विषय विधानसम्मत हो होइन ? भनेर प्रश्न गरेको छ ।

'रेशमलाल चौधरीले नागरिक उन्मुक्ति पार्टीको सदस्यता के कुन मितिमा लिएका हुन् ? निज केन्द्रीय समितिमा कहिले र कुन कार्यकाल केन्द्रीय कमिटिमा रहेका थिए ? सो विवरण खुल्ने कागजात केछन ? त्यसका आधार र कारण केके रहेका छन् ?' आयोगले प्रश्न गरेको छ ।

> दलको अभिलेख अद्यावधिक गर्नु अगाडि आयोगले थप स्पष्टताका लागि जवाफ मागेको हो । पत्रमा निर्वाचन आयोगले नाउपाको नयाँ कमिटीको वैधानिकताबारे पुष्टि गर्ने आधारसहितको जवाफ माग गरेको छ ।



मध्यान्ह
www.madhyanhadaily.com
१२ फागुन २०८०, शनिबार
24 February 2024, Saturday

# युनिक सिटी सेन्टरको निर्माणाधीन संरचना यथास्थितिमा राख्न अदालतको आदेश

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ११ फागुन



युनिक कलेजका सञ्चालकले निर्माण गरिरहेको युनिक सिटी सेन्टरका संरचनाहरुलाई यथास्थितिमा राख्न अदालतले विपक्षीका नाममा आदेश जारी गरेको छ।

जिल्ला सप्तरी राजविराज नगरपालिका-३ हाल परिवर्तित राजविराज नपा-४ को साविक कित्ता नम्बर १२२ को १ बिघा १३ कठ्ठा ५ धुरमध्ये वादी दावीको चौकिलाभित्रको १६ कठ्ठा जग्गामा रहेका संरचनाहरु जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा रहनेगरी यथास्थितिमा राख्न सप्तरी जिल्ला अदालतले अन्तरकालीन आदेश जारी गरेको हो।

शुक्रबार जिल्ला न्यायाधीश तिलकबहादुर कार्कीको इजलासले मुलुकी देवानी संहिता,२०७४ को दफा १५६ को उपदफा २ बमोजिम विपक्षीका नाउँमा अन्तरकालीन आदेश जारी गरिदिएको छ।

अदालतले यसमा सरोकारवाला व्यक्तिको निवेदन परेका बखत पुनर्विचार हुने बताएको छ। अदालतको आदेशपछि निवेदन बमोजिम फिराद साथ पेश गरेको श्रेस्ता उत्तारमा उल्लेखित राजपुर मौजे उक्त कित्ताको १६ कठ्ठा जग्गामा युनिक कलेजका सञ्चालकले गरिरहेको संरचनाको निर्माण रोकिने भएको छ।

जिल्ला सप्तरी गा.वि.स.मलेठ वडा नम्बर २ हाल राजविराज नगरपालिका-९ बस्ने स्व.मुनिलाल हजाम ठाकुरको नाति स्व.बलराम ठाकुरको छोरा दिनेश ठाकुरले दावी पेश गरेको उक्त जग्गामा युनिक कलेजका सञ्चालकले रातारात संरचना ठड्याइरहेको नगरपालिकाले आरोप लगाएको छ।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इशरत प्रविनका अनुसार उक्त जग्गामा निर्माण गरिरहेको संरचनाहरुको नक्सा पास नरहेकाले रोक्काका लागि पटक-पटक पत्राचार गरिएको भएतापनि रोक्का गरिएको अवस्था थिएन। नगरपालिकाको जानकारी विपरीत रातारात बाउन्ड्रीवाल लगाउने काम भएको जनाइएको छ। जग्गाको उत्तरतर्फ सडकको दक्षिणतर्फ संरचनाहरु रातारात निर्माण गर्ने काम भएको उल्लेख छ।

वि.स २००४ सालको मौजे राजपुरको श्रेस्ता बमोजिम सुनरको पूर्व भलुवाहीको उत्तरपश्चिमम र जिरातको दक्षिण चहदी कायम गरिएको कित्ता नम्बर १२२ मा पन्ध्र जंजिर जग्गा मुनि लाल हजामको नाउँमा रहेको पाइएको छ। मिति २०८० माघ महिना ३ गते नापी कार्यालय सप्तरीले उत्तारिएको फिल्ड बुकमा १६ कठ्ठा उक्त बल्क जग्गा रहेको देखाइएको छ। सोही कार्यालयको रसिद नम्बर ९०२१ अनुसार प्रीन्ट गरिएको नक्सा अनुसार हाल जग्गा ब्लक ९ कायम रहेको देखाइएको छ।

मिति २०८० माघ २१ गते जिल्ला प्रशासन कार्यालयको दर्ता नम्बर १५७ बमोजिमको कारबाही प्रक्रिया अनुसार नापी कार्यालयले देवानी प्रकृतिको विवाद रहेकाले दावी गरेका पक्षहरुलाई अदालतमा मुद्दा लैजान सुझाव दिइएको थियो।

# अवरुद्ध हवाई सेवा सुचारू

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ११ फागुन



लगातार हिमपातले अवरुद्ध हुम्लाको हवाई सेवा सुचारू भएको छ। हुम्लाको एक मात्र यातायातको साधन हवाई सेवा बुधबारबाट जिल्लामा हिउँ परेपछि अवरुद्ध भएको थियो।

उक्त हवाई सेवा शुक्रबार मौसममा सुधार भएपछि सुचारु भएको सिमकोट विमानस्थलको स्रोतले जनाएको छ।

बिहानदेखि जिल्लाको मौसममा सुधार आएपछि नेपालगञ्जबाट सीता र तारा एयरलाइन्सले सिमकोटका लागि उडान गरेको छ। तीन दिनदेखि हिमपातका कारण अवरुद्ध भएको हवाई सेवा सूचारु भएपछि जिल्ला बाहिर जाने र जिल्ला आउने यात्रु आफ्नो गन्तव्यमा पुगेका छन्। त्यस्तै तीन दिन देखि जिल्लामा दैनिक भान्सामा चाहिने तरकारी, माछा मासु, कुखुरा मासु, फलफूलको अभाव देखेपनि हवाई सेवा सुचारु हुँदा त्यसको पनि समाधान भएको छ। योसँगै बजारमा व्यवसाय गर्दै आएका व्यापारीको कार्गो पनि जिल्लामा भित्रिएको छ। त्यस्तै मौसममा सुधार आएपछि सरकारले अनुदानमा दिँदै आएको खाद्यान्न पनि जिल्लाको सर्केगाड गाउँपालिकाको स्याातडिबाट हेलिकोप्टरले बिहानै देखि ओसार्दै आएको छ।

# रुकुम पूर्वमा मिडिया साक्षरता कार्यक्रम शुरु

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रुकुम पूर्व, ११ फागुन



रुकुम पूर्वको रुकुमकोटमा शुक्रबारदेखि मिडिया साक्षरता कार्यक्रम शुरु भएको छ। नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिको आयोजना र लुम्बिनी प्रदेश गृह मन्त्रालयको सहयोगमा मिडिया साक्षरता कार्यक्रम आयोजना गरिएको हो।

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका अध्यक्ष वसन्त गिरीको अध्यक्षतामा भएको मिडिया साक्षरता कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेश सभा सदस्य सुरुल पुनले गरेका थिए। कार्यक्रमको विशिष्ट अतिथिमा जिल्ला समन्वय समिति रुकुम पूर्वका संयोजक मेघ बहादुर श्रेष्ठ र सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मी रहेका थिए।

रुकुम पूर्वका निमित्त सहायक प्रमुख जिल्ला अधिकारी गोपाल श्रेष्ठ, मिडिया साक्षरता कार्यक्रमका प्रमुख प्रशिक्षक जनार्दन घिमिरे, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका अध्यक्ष नवीन लोचन मगर, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका निवर्तमान अध्यक्ष तथा प्रेस सेन्टर लुम्बिनी प्रदेशका अध्यक्ष मानसिंह विश्वकर्मा, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका निवर्तमान अध्यक्ष महेश न्यौपाने, प्रेस सेन्टर रुकुम पूर्वका अध्यक्ष सिर्जना कार्की, प्रेस युनियन रुकुम पूर्वका अध्यक्ष चेत कुमार विसी, प्रेस चौतारी रुकुम पूर्वका अध्यक्ष माधव केसी, प्रेस सेन्टर रोल्पाका अध्यक्ष देवी गुरुङ, प्रेस युनियन रोल्पाका अध्यक्ष लोकेन्द्र चन्दलगायतको आतिथ्यता रहेको थियो।

नेपाल पत्रकार महासंघ रुकुम पूर्वका अध्यक्ष मैत्या घर्ती मगरको स्वागत मन्तव्यबाट शुरु भएको मिडिया साक्षरता कार्यक्रममा शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि लुम्बिनी प्रदेशका प्रदेश सभा सदस्य पुनले पत्रकार भनेको समाजको पहिलो अंग र ऐना भएको बताए। पुनले देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको जिकिर गर्दै कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकापछिको चौथो अंग पत्रकारिता भएकाले आँखाले जे देख्छ त्यही लेख्नु पत्रकारिता क्षेत्रको धर्म भएको बताए।

जिल्ला समन्वय समिति रुकुम पूर्वका संयोजक श्रेष्ठले समाजमा आम नागरिकले भोग्दै आएका समस्याहरुलाई उजागर गर्न आग्रह गरे। यस्तै सिस्ने गाउँपालिकाका अध्यक्ष कृष्ण रेग्मीले पछिल्लो समयमा पक्षधर समाचार आइरहेकाले त्यसबाट सचेत रहेर निष्पक्ष कलम चलाउनुपर्ने बताए। रुकुम पूर्वका निमित्त सहायक प्रमुख जिल्ला अधिकारी श्रेष्ठले पत्रकारहरुले सत्यतथ्यमा आधारित भएर कलम चलाउनुपर्ने बताउँदै आफ्नो कर्ममा निहित भएर काम गर्नुपर्ने बताए।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाका अध्यक्ष मगरले पत्रकारिताको आचारसंहितामा रहेर काम गर्नुपर्ने बताउँदै पछिल्लो समय जे पायो त्यही भिडियो राख्ने प्रवृत्ति हावी भएकाले सबै सजग हुनुपर्ने बताए।

मिडिया साक्षरता कार्यक्रम शुक्रबार र शनिबार गरी दुई दिनसम्म चल्ने आयोजकले जानकारी दिएको छ। कार्यक्रममा रुकुम पूर्व र रोल्पा जिल्लाका विभिन्न मिडियामा कार्यरत सञ्चारकर्मी पत्रकार र राष्ट्रिय मिडियामा आवद्ध पत्रकारहरुको सहभागिता रहेको छ। रुकुम पूर्व जिल्ला लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला हो भने रुकुम पूर्व जिल्ला गाउँपालिका मात्र भएको जिल्ला पनि हो।

नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले १२ जिल्लाका सञ्चारकर्मी र पत्रकारहरुलाई एकै ठाउँमा केन्द्रित गरेर कार्यक्रम गर्दा भौगोलिक हिसाबले टाढा हुने र मिडियामा कम जनशक्ति भएकाले त्यसलाई मध्यनजर गरी दुई जिल्लालाई समावेश गरी कार्यक्रम आयोजना गरिएको बताएको छ। नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका महासचिव विक्रम खड्काले कार्यक्रम सञ्चालन गरेका हुन्।

# रास्कोटमा मेयर हेल्थ केयर कार्यक्रम प्रभावकारी बन्दै



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ११ फागुन

कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा मेयर हेल्थ केयर कार्यक्रम प्रभावकारी बन्दै गएको छ। नगरपालिकाले नियमित महिनाको एक पटक मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन गर्ने नीति लिएसँगै कार्यक्रम प्रभावकारी बन्दै गएको हो।

नगरपालिकाले ल्याएको आव २०८०/८१ को नीति तथा कार्यक्रममा 'भरोसा होस् नगरमाथि गाउँघरमा स्वास्थ्यकर्मी साथी' भन्ने मूल नाराका साथ नगरपालिकाको वडा नम्बर १ देखी ९ सम्मका करिब २५ सय सेवाग्राहीहरुले सेवा प्रवाह गरेसँगै बल्ल सिंहदरबार गाउँघरमा आएको अनुभूति भएको स्थानीयले टिकाराज उपाध्याले बताए।

नगरपालिकाका प्रवक्ता तथा वडा नं ९ का वडा अध्यक्ष धन बहादुर धामीको अध्यक्षता, नगर प्रमुख धर्मराज शाही पोषणको प्रमुख आथित्यता तथा स्वास्थ्यकर्मीहरुको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो।

घर-घरमा एकीकृत सेवा दिने नीति तथा कार्यक्रम अनुसार नगरपालिकाभित्र रहेका नगरिकको भिडियो एक्सरे सेवा, सुगर जाँच, गर्भवती चेकजाँच, प्रेसर परीक्षण जस्ता सेवाहरु घरदैलामै पुगेर निःशुल्क प्रदान गर्ने गरेको रास्कोट नगरपालिकाले जनाएको छ।

# हजुरबुबाको हत्या आरोपमा नाती पक्राउ

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ११ फागुन

रुकुम पश्चिमको मुसिकोट नगरपालिका वडा नम्बर १२ जुम्लाबाङका ५१ वर्षीय हस्तराम खड्काको हत्या गरेको आरोपमा उनका नाती पक्राउ परेका छन्। प्रहरीले खड्काको हत्या आरोपमा उनका नाती २३ वर्षीय डिल्लीरमण खड्कालाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक धर्मेन्द्र खड्काले हत्या आरोपी खड्कालाई रगत लागेको चप्पलसहित पक्राउ गरेको बताए। उनका अनुसार खड्काले सामान्य विवादको क्रममा उत्तिस जातको काठको मुडाले टाउकोमा प्रहार गरी हत्या गरेको स्वीकार गरेका छन्।

पक्राउ परेका खड्कालाई हिरासतमा राखेर घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। शुक्रबार बिहान मुसिकोट नगरपालिका-१२ जुम्लाबाङ बुगेरीस्थित बैरागी ठाँटीबाट त्रिवेणीतर्फ जाने सडक छेउमा हस्तरामको शव भेटिएको प्रहरीको भनाइ छ।

# नेपाल डेरी एशोसिएसनद्वारा दुग्ध क्षेत्रका समस्याबारे अन्तरक्रिया

**काठमाडौं/मस-** नेपाल डेरी एशोसिएसनको आयोजना एवम् उद्योग वाणिज्य महासंघ अन्तर कृषि उद्यम केन्द्रको सहयोगमा हाल नेपालमा देखिएको दुग्ध क्षेत्रको समसामयिक समस्याका बारेमा छलफल तथा निराकरणका उपायहरुका लागि सरोकारवाला निकायहरुको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। अन्तरक्रिया कार्यक्रम एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालको सभापतित्वमा सम्पन्न भएको हो।



कार्यक्रममा उपस्थित अतिथिहरुमा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्र प्रसाद यादव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयकी सहसचिव सम्झना कुमारी काफ्ले, पशुसेवा विभागका सभापति डा. रेशम ज्ञावाली, कृषि उद्यम केन्द्रका डि.बि बस्नेत, डेरी विज्ञ नारायण श्रेष्ठ, अजवलाल यादव, सुवास ढकाल, विनोद गुप्ता, नारायण श्रेष्ठ, नेपाल एनिमल साइन्स एशोसिएसनका अध्यक्ष लोकनाथ ढकाल, नेपाल डेरी एशोसिएसनका संस्थापक अध्यक्ष राजेन्द्र गोपाल श्रेष्ठ, एशोसिएसनका पूर्वअध्यक्ष सुमित केडिया, दुग्ध विकास संस्थान उपमहाप्रबन्धक राजेन्द्र अधिकारी, निर्यात व्यवसायी महासंघका उपाध्यक्ष दुर्गा विक्रम थापा, केन्द्रीय दुग्ध सहकारी संघका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद सापकोटा, पशुपालन तथा मत्स्य सहकारी संघका अध्यक्ष बाबुराम अधिकारी सहभागी थिए।

यस्तै कार्यक्रममा डेरी साईन्स एशोसिएसनका अध्यक्ष शिवराम सिंह ,एशोसिएसन अफ एग्रीकल्चरल जर्नलिस्टका अध्यक्ष किरण आचार्य, कार्यकारी निर्देशक राष्ट्रिय दुग्ध विकास वोर्डका डा राजेन्द्र यादव, नेपाल डेरी एशोसिएसनका केन्द्रिय उपाध्यक्ष दिप प्रसाद धमला, मनोज कुमार घिमिरे, महासचिव हेमचन्द्र खनाल, सचिव शिवहरी आचार्य, सहकोषाध्यक्ष रामभक्त दाहाल, सहसचिव शिव भुषाल, एशोसिएसन काभ्रेका अध्यक्ष रबिन्द्र हुमागाई, सदस्यहरु रमेश सञ्जेल, रविशरण थापा, नवराज तिमल्सिना, शिव घिमिरे एवं बागमती प्रदेशका अध्यक्ष टिका प्रसाद घिमिरे, कोशी प्रदेशका गंगा खड्का, लुम्बिनीका थानेश्वर न्यौपाने, सुदूरपश्चिमका सचीव हर्क बहादुर चंद लगायतका पदाधिकारीहरु एवम् करिब सय जना डेरी उद्योगी तथा पत्रकार हरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा मन्त्रालयकी सहसचि काफ्लेले हाल भइरहेको समस्याको सबै मिलेर समाधान निकाल्नुपर्नेमा जोड दिँदै अन्तरक्रिया कार्यक्रम गरेकोमा नेपाल डेरी एशोसिएसनलाई धन्यवाद दिइन्। राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा. यादवले दुग्ध क्षेत्रको यो समस्या हल गर्न हर तवरले लागेको र सरोकारवालाहरुसँग पटक-पटक छलफल गरेर समाधानको खोजी गरिरहेको बताए।

कृषि उद्यम केन्द्रका सभापति बस्नेतले डेरी क्षेत्रको विकास र यसमा आउने समस्याका बारेमा नेपाल डेरी एशोसिएसन सधैं अगाडि नै रहेको बताउँदै किसान र डेरी उद्योगका समस्याका बारेमा सबै सरोकारवालालाई भेला गराइ सबैको भावना बुझी रिपोर्ट बनाइ सम्बन्धित निकायमा बुझाउने भएकाले कृषि उद्यम केन्द्रले त्यो रिपोर्ट सम्बन्धित निकायमा समस्या हल गर्न पहल गर्ने बताए। कार्यक्रममा डेरी विज्ञ डा. श्रेष्ठले हाल सिर्जना भएको समस्या दुःखद कुरा भएको बताए। उनले इतिहासमै यस्तो समस्या पहिलो पटक आएकाले सरोकारवाला र मन्त्रालयले समाधानको खोजी गर्नुपर्ने बताए।

अर्का डेरी विज्ञ यादवले दुधको समस्या आउनुमा सरोकारवालाको नै कमजोरी रहेकाले यसमा सबै व्यवसायी एकसाथ मिलेर अघि बढ्नुपर्ने बताए। नासाका अध्यक्ष ढकालले अन्तरक्रिया कार्यक्रमबाट कुनै न कुनै निचोडमा जाने र समाधान निस्कने बताए। नेपाल डेरी एशोसिएसनका संस्थापक अध्यक्ष श्रेष्ठले हाल उद्योगीहरुको हालत खराब रहेको र त्यसको असर दुग्ध क्षेत्रका सबै स्थानमा परेको बताए। निर्यात व्यवसायीको तर्फबाट उपाध्यक्ष थापाले हाल देशको परिस्थितिले समस्त निर्यातमा परेको समस्या हल गर्न लाग्नुपर्ने बताए। दुग्ध सहकारी एवम् पशुपालन सहकारीका अध्यक्ष अधिकारीले हाल कच्चा दुध धेरै रहेको र उद्योगबाट किसानको भुक्तानी नभएकाले राज्य संयत्रबाट यसको पहल हुनुपर्ने बताए। साथै अनाजका अध्यक्ष आचार्यले सम्पूर्ण कृषि क्षेत्रमा परेको समस्यामा दुग्ध क्षेत्रलाई समेत प्रतिकुल असर परेको र यसलाई निवारण गर्न सबै मिल्नुपर्ने धारणा राखे।

एशोसिएसनका अध्यक्ष दाहालले हाल देशको अवस्था एवम् दुग्ध क्षेत्रको समस्यालाई सबै मिलेर समाधान गर्नुपर्ने जिकिर गरे। समस्या समाधानका लागि सरकारले उद्योगी एवम् किसानको हितमा काम गर्न कुनै न कुनै उपाय निकाल्नुपर्ने र नेपाल डेरी एशोसिएसन सधैं किसान र उद्योगको हितमा रहने बताए। उनले उद्योगीहरुलाई परेको पीडालाई समेत सम्झेर सरकारले ध्यान दिनुपर्ने बताए।

## टीआरसीमा...

बढाउने प्रस्ताव गरेका हुन्। 'अब यसलाई सहमति गरौं, भएन भने प्रक्रियामा लगेर भएपनि कुनै एउटा मिति तोकेर यसलाई टुंग्याइदिउँ भन्ने मेरो गम्भिरतापूर्वक आग्रह छ' उनले भनेका छन्। टीआरसी कानुन न्याय तथा मानव अधिकार समितिमा दफावार छलफलमा छ। प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका सचेतक महेशकुमार बर्तौलाले पीडितमैत्री हुने गरी संक्रमणकालीन न्यायको विषयलाई टुंगो लगाउनुपर्ने बताएका छन्। उनले संक्रमणकालीन न्याय राजनीतिक प्रकृतिको विषय भएकाले सबैको सहमतिमा टुंग्याउन जरुरी रहेको भनाइमा पनि आफूहरु यथावत रहेको बताए। 'यो कुरा हामी अझै कति अड्काउने ? यसमा प्रश्न उठेको छ' उनले भनेका छन्, 'यो महत्वपूर्ण छ, राजनीतिक प्रकृतिको विषय हो, लामो समयदेखि अफ्ठ्यारो हुँदै आएको विषय हो।'

टीआरसी विधेयक छिटो पास गुर्नपर्छ भन्नेमा सबैको सहमति रहेको उल्लेख गर्दै उनले थपे, 'समितिमा उठेका चार विषयमा केही साँघुरो हुन खोजेको छ, त्यसलाई एक ढंगले फिनिसिङ गरेर गयो भने समितिको मात्रै वर्नरसिपको कुरा हुँदैन। सबैले वर्नरसिप लिने किसिमको कुरा हो।'

संसदीय विषयगत समितिमा टीआरसीमा समयसीमाको प्रस्ताव आउँदा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि संक्रमणकालीन न्यायसम्बन्धी विधेयक अबको ५ दिनमा सदनमा प्रस्तुत हुने दाबी गरेका छन्।

शुक्रबार २३ औं मजदुर बलिदान दिवस तथा पुस्तक विमोचन कार्यक्रमलाई पार्टी केन्द्रीय कार्यालयमा सम्बोधन गर्दै उनले अबको ५ दिनभित्रमा उपसमितिबाट पारित भएर विधेयक संसदमा पेश हुने बताएका हुन्।

यो विधेयक सदनबाट पारित गरेसँगै बलिदान गरेका योद्धाप्रति गर्व हुने उनले बताए। संक्रमणकालीन न्यायसम्बन्धी सत्य निरुपण तथा बेपत्ता छानबिन आयोगसँग सम्बन्धित काम नटुंगिएकाले शहीद परिवारले पाउनुपर्ने परिपूरण वा सहयोग राज्यको तर्फबाट पाउन नसकेको प्रचण्डले बताए।

## रेमिट्यान्ससम्बन्धी...

रेमिट्यान्सले राज्यलाई घाटा र सेवाग्राहीहरूलाई समस्यामा पार्ने ढकालको भनाइ थियो।

उक्त कार्यक्रममा सहभागी नेपाल पत्रकार महासंघ कतार शाखाका अध्यक्ष दिल कुमार श्रेष्ठले डिस्प्ले बोर्डमा एक्सचेन्ज रेट राख्नका लागि सुझाव दिएका थिए। नेपाल राष्ट्र बैंकबाट रेमिट्यान्स कारोबारका लागि इजाजत वा मान्यता प्राप्त कम्पनीहरू, बैंक तथा वित्तीय संस्थाहरूलाई औपचारिक माध्यम मान्ने गरिन्छ। वैदेशिक रोजगार वा व्यापार व्यवसायबाट प्राप्त गरेको आम्दानीलाई औपचारिक माध्यम प्रयोग गरी आफन्त, साथीभाइको नाममा नेपालमा रहेको कुनैपनि बैंक खाता या मोबाइल वालेटमा रकम स्थानान्तरण गर्नुलाई रेमिट्यान्स भनिन्छ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PHOENIX SECURITY SERVICES AND CONSULTATION SDN BHD
शहर: Malaysia, Selangor
पूर्व स्वीकृत मिति: २०८०/११/११
चलानी नं.: ६०२१५३८७
LT. No.: 300491

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 74 | 0 | स. काममा दक्ष | 1500 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १९ गते (2 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595,
Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALRAHA COMPANY FOR CATERING SERVICES SPC
शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८०/११/११
चलानी नं.: ६०२१५३८८
LT. No.: 300545

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४२,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hot Chef | 4 | 0 | | 180 | ७७,३७१ | | | | | | | |
| 3. | Light Driver | 3 | 0 | | 135 | ५८,०२८ | | | | | | | |
| 4. | Waiter/waitress | 3 | 2 | | 115 | ४९,४३२ | | | | | | | |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १९ गते (2 March 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9818550053 | 9801026390 | 9803126395

# एमाले छाडेर गल्ती महसुस गर्नेलाई पार्टीमा प्रवेश दिइन्छ : ओली

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ फागुन

पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमाले छाडेर गल्ती महसुस गर्नेलाई पार्टीमा प्रवेश दिइने बताएका छन् । प्रभु साह नेतृत्वको आम जनता पार्टीका उप-महासचिव तथा पूर्वप्रदेश सभा सदस्य कुन्दन कुशवाहासहितका नेताहरुलाई पार्टी प्रवेश गराउँदै उनले नेकपा एकीकृत समाजवादी पार्टीसँग एकता हुन नसक्ने जिकिर गरे ।

उनले माधव कुमार नेपाललाई लक्षित गर्दै भने, 'दुईतिहाइको पार्टी फोडेको, पार्टी कमजोर बनाएको, दुईतिहाइको सरकार ढालेर दक्षिणपन्थी सरकार बनाएकोमा कुनै पश्चाताप छैन, गल्ती भयो भन्नेसम्म पनि छैन, त्यस्ता मानिसलाई पार्टीमा प्रवेश हुँदैन ।'



नेकपा एमाले छाडेर गएका नेता तथा कार्यकर्तालाई पुनः एमालेमा नै फर्किन उनले आग्रह गरे । नेकपा एमाले सबैको साझा पार्टी भएको उल्लेख गर्दै उनले मिलेर सहकार्य गर्न चाहेको बताए। नेकपा एमाले मधेशमा बलियो रहेको दाबी गर्दै उनले अगामी निर्वाचनमा बहुमत ल्याउने बताए । एमालेको सरकार हुँदा मधेशको विकास भएको बताउँदै उनले एमालेप्रति जनलहर बढेको बताए ।

पार्टी प्रवेश गरेका कुशवाहाले नेकपा एमाले पार्टीको विचार र सिद्धान्त आफूलाई मनपरेकोले प्रवेश गरेको बताए। यसअघि आफू यही पार्टीमा रहेको र विविध कारण छाडेकाले हाल पुनः एमालेमा नै प्रवेश गरेको उनको भनाइ छ ।

आम जनता पार्टीका केन्द्रीय सदस्य अरविन्द कुमार यादव, सञ्जय कुमार साह, सरफलाल महतो, दीपक कुमार दुबे र सुरेन्द्र प्रसाद चौधरी नेकपा एमालेमा प्रवेश गरेका छन्। पार्टी प्रवेश कार्यक्रममा नेकपा एमालेका उपाध्यक्ष ईश्वर पोखरेल र नेकपा एमालेका महासचिव शंकर पोखरेलको पनि उपस्थिति रहेको थियो ।

# तिलाको हिउँदे गाउँ सभा : बालमैत्रीसहित १४ कार्यविधि पारित

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ११ फागुन

जुम्लाको तिला गाउँपालिकाले बालमैत्री आचारसंहितासहित १४ वटा कार्यविधि पारित गरेको छ । गाउँपालिकाले १३औं हिउँदे गाउँ सभाबाट १४ वटा विधेयक पारित गरेको हो ।

पालिकाको विकास प्रभावकारी कार्यन्वयन गर्नका लागि ऐन, नियमावली, कार्यविधि र मापदण्ड निर्माण गरी पारित भएको गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाले बताए । उनका अनुसार विपद व्यावस्थापन कोष सञ्चालन कार्यविधि (२०८०), सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनःस्थापना तथा व्यवस्थापन कार्यविधि, बालमैत्री आचारसंहिता कार्यविधि, बालविवाहसम्बन्धी रणनीति योजना, बालबालिकासम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना कार्यविधि, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षणसम्बन्धी कार्यविधि, स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तथा भवन निर्माण मापदण्ड कार्यविधि, पोषणमैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि पारित भएका छन् ।




त्यस्तै गाउँ सभाबाट जग्गा वर्गीकरण कार्यविधि, स्थानीय शिक्षा विकास तथा व्यवस्थापन, गाउँपालिकाको शिक्षा नियमावली (२०७४), तिला गाउँपालिकाको अवकास कोष नियमावली कार्यविधि र विपन्न नागरिक उपचार सहायता कार्यविधि पनि पारित भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले बताए । उनले तिलावासीको विकासका लागि त्रुटिरहीत तरिकाबाट अगाडि बढ्ने बताए । उनले दिगो विकासको लक्ष्य हाँसिल गर्नका लागि सबैको हातेमालो आवश्यक रहेको बताउँदै यसका लागि तिला गाउँपालिका सबैको सल्लाह सुझाव मागेर अगाडि बढ्ने बताए । उनले १३ वटा ठूला योजनाको बोलपत्र भइ सम्झौता गर्न बाँकी रहेको जानकारी दिए ।

गाउँपालिकाकी उपाध्यक्ष गोरीकला बुढाले चालु आर्थिक वर्ष २०८०/०८१ को माघ मसान्तसम्मको आयव्यय अन्तर्गत आन्तरिक आयमा १० लाख ५० हजार संकलन भएको बताइन् । उनका अनुसार गाउँपालिकाको चालुतर्फ विनियोजित बजेट ३३ करोड २४ लाख रहेकोमा १५ करोड २७ लाख खर्च भएको छ। उनले पालिकाको पुँजीगततर्फ विनियोजित बजेट १७ करोड ९९ लाख रहेकोमा २४ लाख ९० हजार खर्च भएको बताइन् । कूल विनियोजित बजेट ५१ करोड २४ लाख ३७ रहेकोमा १५ करोड ५२ लाख खर्च भएको उनले जानकारी दिइन् ।

# नवलपरासी सेवा समाज कतारको नेतृत्वमा दुर्गा हमाल सर्वसम्मत



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ११ फागुन

कतारमा स्थापित नवलपरासी सेवा समाज कतारको तेस्रो साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ ।

दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट आगामी एक कार्यकालका लागि दुर्गा हमालको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन भएको छ ।

कार्यसमितिको उपाध्यक्षमा नर बहादुर थापा, महासचिव चन्द्र लेङ्गे तमु, सचिव विष्णु शाही, कोषाध्यक्ष रामजी सुवेदी, सह-कोषाध्यक्ष कृष्ण क्षेत्री रहेका छन् ।

सद्धाम हुसेन, रमेश पुरी, रबिन अधिकारी, लोक प्रसाद न्यौपाने, मोनीका श्रेष्ठ, कमला भण्डारी, रुद्र न्यौपाने मानसिहं विक र रिता पौडेल कार्यसमितिको सदस्य पदमा सर्व सहमत निर्वाचित भएका छन् । निर्वाचन समितिका संयोजक केबी हमालले शुक्रबार सर्वसम्मत निर्वाचित कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

समाजका अध्यक्ष कृष्ण पन्थीको अध्यक्षता तथा नेपाली राजदूतावास दोहा कतारका मिनिस्टर काउनसुलर कुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनमा कतारमा रहेका आइसीसीका पदाधिकारी, एनसीसी लगायत विभिन्न प्रदेश, जातीय, वैचारिक, सामाजिक संघ संस्था, महिला समाज, समाजसेवी, सामाजिक अभियन्ता, पत्रकार, व्यवसायी लगायत कतारमा रहेका नवलपुरवासीको उपस्थिति रहेको थियो ।

अधिवेशनमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि राईले आफू नवलपरासी जिल्लाका केही भागको भ्रमण गरेको र अत्यन्त महत्वपूर्ण जिल्ला रहेको आफूले पाएको बताए । उनले नवलपरासी जिल्लाले विकासमा पनी फराकिलो फड्को मारेको बताउँदै कतारमा रहेको यस सामाजिक संस्थाले गरेको योगदानको प्रशंसा गर्दै उनले समाजबाट धेरै कुराको शिक्षा लिनुपर्ने बताए ।

समाजका प्रथम उपाध्यक्ष अमित बरालीले स्वागत मन्तव्य राखेको खुल्ला सत्रमा महासचिव दुर्गा हमालले समाजले करिब २ ९ महिने लामो कार्यकालको कार्य प्रगती प्रतिवेदन पेस गरेका थिए । अधिवेशनमार्फत संस्थापक कार्यसमिति देखि वर्तमान कार्यसमिति, सल्लाहकार, संरक्षक, कलाकार, सहयोगी, पत्रकार, एनआरएनए एनसीसी कतारको २०२३/२५ कार्यकालका लागि निर्वाचित विभिन्न तह र तप्काका पदाधिकारीहरू लगायतलाई सम्मान गरेको थियो ।

अधिवेशनमा सुरज कुँवरले विदेश आउनका लागि भिसा र वैदेशिक अनुमति प्राप्त नभई कसैलाई नगद नबुझाउन आग्रह गरे । उनले एल्पी नम्बर मागेर स्टिकर नम्बर चेक गरेर मात्र सरकारले तोकेको रकम बुझाएर मात्र विदेश जान नेपालमा रहेका आफन्तलाई सुझाव दिन आग्रह गरे । अधिवेशनको खुल्ला सत्रको समापन गर्दै सभापति पन्थीले समाजले कहिल्यै मनोरञ्जनका गतिविधि नगर्ने र नवलपरासी जिल्लाभित्र सहयोग गर्ने बताए । उनले समाजले १ लाख ८७ हजार कतारी रियाल कतारमा लगानी गरेका बताउँदै कतारमा ट्याक्सी चलाउने देखि पसल गर्ने सम्ममा लगानी गरेर श्रमिकलाई श्रमबाट उठाएर मालिक बनाउने फरक लक्ष्यतर्फ लम्किरहेको बताए । उनले नवलपरासीवासी जो कसैलाई पनि समाजले निर्माण गरेको समितिमार्फत प्रक्रिया पुरा गरेर सहयोग लिएर आफ्नो व्यवसाय गर्न सक्ने बताए ।

# मौलापुरमा मधानी महायज्ञ फागुन २२ गतेदेखि हुँदै

**राजकुमार यादव/मध्यान्ह**
रौतहट, ११ फागुन

रौतहटको मौलापुरमा प्रत्येक वर्ष हुँदै आएको मधानी महोत्सव यस वर्ष पनि हुन लागेको छ। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मौलापुर नगरपालिकाले वर्षेनी आयोजना गर्दै आएको मधानी महायज्ञ यस वर्ष फागुन २२ गतेदेखि २६ गतेसम्म पुरातात्विक महादेव मन्दिर परिसरमा हुन लागेको हो ।

मौलापुर नगरपालिका-५ पतौरा स्थित पुरातात्विक महादेव मन्दिर परिसरमा यस वर्ष पाँचौ मधानी महोत्सव २०८० को आयोजना हुन लागेको नगरपालिकाले जनाएको छ । पाँच वर्षअघि उत्खननको क्रममा फेला परेको कर्नाट्कालीन पतौरा महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा सुचिकृत गराउन तथा मधानी महायज्ञलाई अन्तर ाष्ट्रिय स्तरमा पुऱ्याउने लक्ष्यका साथ नगरपालिकाले प्रत्येक वर्ष झैं यस वर्ष पनि मन्दिर परिसरमा मधानी महोत्सवको आयोजना गर्न लागेको छ ।

मौलापुर पतौरामा पूर्वमन्त्री एवम् आम जनता पार्टीका अध्यक्ष प्रभु साहको विशेष पहलमा नगरपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकाहरुको सहभागितामा विगत २०७६ सालदेखि निरन्तर मधानी महायज्ञ आयोजना गर्दै आएको छ। मौलापुर नगरपालिकाले शुक्रबार पुरातात्विक महादेव मन्दिर परिसर पतौरामा पत्रकार सम्मेलनको आयोजना गरी महोत्सवबारे जानकारी दिएको हो ।

महायज्ञको अवसरमा भगवान शिवको विशेष पुजा अनुष्ठान, मेला, सांस्कृतिक कार्यक्रम तथा कुस्ती प्रतियोगिता लगायतको कार्यक्रम हुने नगरपालिकाले जनाएको छ । पत्रकार सम्मेलनमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व झल्किने किसिमले आयोजना हुन लागेको




महायज्ञ फागुन २२ गते शुभारम्भ भइ फागुन २६ गते समापन हुने बताए ।

फागुन २२ गते फत्तेपुरको नाच, फागुन २३ गते मधानी यज्ञ तथा शिवको बरात, फागुन २३ र २४ गते भारतको शिव लिला प्रदर्शन र फागुन २५ गते मधानी सांस्कृतिक समारोहको आयोजना हुने नगरपालिकाका प्रशासकीय अधिकृत साहले बताए । त्यस्तै महोत्सवको अन्तिम दिन फागुन २६ गते अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता आयोजना हुने उनले बताए ।

महोत्सवमा नेपाली तथा विदेशी लोकप्रिय कलाकारहरुले सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने आयोजकले जनाएको छ। यस वर्षको मधानी महोत्सवमा आफ्ना सांस्कृतिक प्रस्तुति दिन फागुन २५ गते भारतीय अभिनेता गोविन्दा अहुजा आउने आयोजकले बताएको छ। त्यस्तै भोजपुरी चर्चित नायिका निलम गिरी, भोजपुरी चलचित्र एवम् संगीत क्षेत्रका लोकप्रिय कलाकार बिनय बिहारी, नेपाली फिल्मका अभिनेता पल शाह, कमल राई, भोजपुरी गायक सुनिल पण्डित, रविराज शाह, रमाकान्त प्रसाद, बिजय यादव निर्बिज, नेपाली कलाकार दिनेश डिसी, नायिका रचना शिवाकोटी, रेविका अधिकारी, प्रीती पास्वानलगायतका कलाकारले सांस्कृतिक प्रस्तुति दिने मौलापुर नगरपालिकाले जनाएको हो । आयोजकका अनुसार महोत्सवमा भारत तथा नेपालका अन्य चर्चित नेपाली तथा भारतीय कलाकारको सांस्कृतिक प्रस्तुति रहनेछ ।

मौलापुर नगरपालिकाकी प्रमुख रिनाकुमारी साहले महायज्ञले मौलिक संस्कृतिको जगेर्ना गर्नुका साथै यस क्षेत्रको विशेष अनुष्ठान मधानीले विश्वस्तरमा चर्चा पाउने बताइन् । उनले पुरातात्विक महादेव मन्दिरको उत्खनन एवम् पुनर्निर्माण कार्यलाई निरन्तरता दिँदै मौलापुरलाई एउटा सुन्दर धाम बनाउने र उक्त मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन साथ दिन आग्रह गरिन् ।

पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा पुऱ्याउन आफू निरन्तर प्रयत्नरत रहेको उनले बताइन् । नगरपालिकाबाट ६० लाख रुपैयाँ खर्च गरी यो महोत्सव आयोजना गर्न लागिएको नगर प्रमुख साहले बताइन् । ६० लाख रुपैयाँ खर्च गर्दा पालिकाले महोत्सवबाट करोडौं आम्दानी वा लाभ लिन सक्ने लक्ष्य राखिएको उनले बताइन् ।

महोत्सवमा सहभागी हुन भारत र नेपालका विभिन्न स्थानबाट लाखौंको संख्यामा आउने दर्शक तथा भक्तजनबाट यहाँको व्यापार व्यवसाय बढ्ने पालिकाको विश्वास छ । यस महोत्सवले मौलापुर नगरको समग्र विकासमा समेत ठुलो टेवा पुऱ्याउने पालिकाले जनाएको छ ।

मेला आयोजना हुन लागेको पुरातात्विक महादेव मन्दिर १२०० वर्ष पुरानो रहेको पुरातात्विक उत्खननबाट देखिएको थियो । सो मन्दिर पर्यटकहरुका लागि एउटा महत्वपूर्ण गन्तव्य बनाउन मौलापुर नगरपालिकाले मन्दिरको संरक्षण एवम् प्रचारको कार्य गर्दै आएको हो। देशको नयाँ सय वटा पर्यटकीय गन्तव्यमा समेत उक्त मन्दिर छनोट भएको छ ।

# सर्लाहीको नयाँ बस्तीबाट ११६ किलो गाँजा बरामद

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ११ फागुन

सर्लाहीको नयाँ बस्ती चोकबाट प्रहरीले एक निजी कारमा लुकाई राखेको अवस्थामा ११६ किलो लागुऔषध गाँजा बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले शुक्रबार कारलाई चेकजाँच गर्ने क्रममा गाँजा बरामद गरेको हो ।

बागमती प्रदेश (१) ०२६ च ५१५९ नम्बरको कारलाई चेकजाँच गर्ने क्रममा १० वटा



पोका बनाएर राखिएको गाँजा बरामद गरिएको सर्लाही प्रहरी प्रमुख एसपी दयानिधि ज्ञवालीले बताए । उनका अनुसार नयाँरोड बरहथवा सडक खण्डबाट उक्त परिणामको गाँजा बरामद गरीएको हो । निजी कारमा गाँजा बोकेर हिँडेका कार चालकलाई पक्राउ गरी अनुसन्धान थालिएको उनले जानकारी दिए । पक्राउ पर्नेमा कार चालक पूर्वी नवलपर ासी गैंडाकोट नगरपालिका ११ बस्ने ३० वर्षीय सूर्य परियार रहेको उनले बताए ।

पक्राउ परेका परियारलाई लागुऔषध ऐन २०३३ अन्तर्गत म्याद थप गरी थप अनुसन्धान गरिने प्रहरीले जनाएको छ। यस घटनाका बारेमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जानकारी दिएको छ।


## कुबेतमा रोजगार

कम्पनी: GREENFIELDS AGRICULTURE CO
शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/११/११ | चलानी नं.: ६०२१५३८५ | LT. No.: 300507

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 500 | 0 | स. काममा दक्ष | 95 | ४०,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन १९ गते (2 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदाले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203, 9855051203

## मलेसियामा रोजगारको अवसर

कम्पनी: VELRICH SECURITY SDN. BHD.
शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८०/१०/०३ | चलानी नं.: ६०२१३११० | LT. No.: 297971 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० १३, १४, १७ र १८ गते (25, 26, 29 Feb & 1 March 2024) मा हुनेछ ।
अन्तर्वार्ता इटहरी धरान रोड, सुनसरीमा २०८० फागुन १५ गते (27 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता होटल टुलिप ड्राइभरटोल, रूपन्देहीमा २०८० फागुन १६ गते (28 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल, विर्तामोड, झापामा २०८० फागुन १६ गते (28 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 01-5918957 | 5918958, 9851006270
E-mail: info@confidentmanpower.com, Web.: www.confidentmanpower.com
Itahari : 9852054943 | 9848070440 | 9801969508, Jhapa : 9816909777, Butwal : 9867430836

## मलेसियामा रोजगार

कम्पनी : LY FURNITURE SDN.BHD
शहर : Malaysia, Johor
पूर्व स्वीकृत मितिः २०८०/०३/११ | चलानी नं.: ६०२०३८६३ | LT. No.: 288513 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 70 | 0 | स. काममा दक्ष | 1500 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : GOLDEN NOVELTY SND BHD
शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०७/०४ | चलानी नं.: ६०१८९८३९ | LT. No.: 274072 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory workers | 0 | 30 | स. काममा दक्ष | 1500 | ४१,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन १९ गते (2 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

